का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ फागुन २०७८,
बिहीबार
10 March 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# चुनावी गठबन्धन तर कसरी ?

सत्तागठबन्धन स्थानीय चुनावमा गठबन्धन गर्न चाहन्छ । गठबन्धन गर्दा केन्द्रले भागबण्डा गर्ने, भागबण्डाको जिम्मा सम्बन्धित पार्टी कमिटीलाई दिने वा निश्चित ठाउँमा केन्द्रले र बाँकी सम्बन्धित कमिटीले निर्णय गर्ने विकल्पमा छलफल चलिरहेको छ ।









"एक्लै जित्ने सम्भावना कम भएपछि गठबन्धन बनाउन खोज्ने हो । अहिले त्यही भइरहेको छ । तर, दलहरुले चुनावी गठबन्धनको फर्मुला भने भेटाइसकेको देखिन्न"

**डा. विष्णु दाहाल**
राजनीतिक विश्लेषक

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ फागुन

सत्तारुढ दलहरु स्थानीय तहको चुनावमा गठबन्धन गरेरै चुनाव लड्न चाहन्छन् । तर, त्यसको फर्मुला तय भएको छैन । फर्मुलाको खोजीमा सत्तागठबन्धनमा आवद्ध दलहरु छलफलमा केन्द्रित भएका छन् ।

सत्तारुढ दलहरु नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा) का दोस्रो र तेस्रो तहका नेताहरु चुनावी गठबन्धनको मोडेलको खोजीमा लागेका हुन् ।

नेताहरुको छलफलमा विभिन्न विकल्पमाथि छलफल चलिरहेको छ । र विभिन्न प्रस्तावहरु पनि प्रस्तुत भएका छन् ।

केही समयअघि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड'ले यसअघि जुन जुन दलले जितेको छ त्यहाँ सोही दलका उम्मेद्वार उठाउने र एमालेले जितेको स्थानमा भागबण्डा गर्ने प्रस्ताव राखेका थिए । उनको यो प्रस्तावमाथि छलफल भएपनि सोही रुपमा गठबन्धन हुने सम्भावना कम रहेको नेताहरु बताउँछन् ।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले चुनावी गठबन्धन गरेका थिए ।

त्यसबेला माओवादी केन्द्रलाई छाडेको ठाउँ फेरि माओवादी केन्द्रलाई नै दिन कांग्रेसको सम्बन्धित तह तयार नहुँदा के गर्ने ? स्वयं माओवादी केन्द्रले गत स्थानीय तहको चुनावमा कांग्रेसलाई छाडेको स्थानमा फेरि कांग्रेसलाई छाड्न सम्बन्धित पार्टी कमिटी तयार नभए के गर्ने ? पार्टीको अवस्था कस्तो छ भन्ने नहेरी केन्द्रबाट निर्णय लाद्दा बागी उठेर हराउने अवस्था आयो वा अर्को दललाई सहयोग गर्नेतिर सम्बन्धित कमिटी गयो भने के गर्ने ? यस्ता यावत प्रश्नको घेरामा प्रचण्डको प्रस्ताव रहेको नेताहरु बताउँछन् ।

गठबन्धनका नेताहरुको छलफलमा अर्को प्रस्ताव पनि आएको छ - गठबन्धन गर्ने, तर उम्मेदवार चयनको निर्णय गर्ने अधिकार सम्बन्धित स्थानीय तहलाई दिने ।

यस्तो प्रस्ताव खासगरी नेपाली कांग्रेसका महामन्त्री गगन थापाले राख्दै आएका छन् । गठबन्धनका सबै पार्टीले स्थानीय पार्टी कमिटीलाई नै गठबन्धनबारे निर्णय गर्न दिँदा आ-आफ्नो अवस्था हेरेर निर्णय लिँदा स्थानीय तहमा पनि गठबन्धन बलियो हुने कांग्रेस महामन्त्री थापाको तर्क छ ।

तर, चुनावमा जित्ने मात्रै नभई उम्मेद्वार भएर आफ्नो राजनीतिक करिअर अगाडि बढाउन हार्न तयार हुने पनि ठुलो पंक्ति हुन्छ। त्यस्तोमा के गर्ने ? सम्बन्धित पार्टी कमिटीहरुलाई नै चुनावी गठनबन्धन – बाँकी पृष्ठ २ मा

## कामदारको उच्च सम्मान गर्न मन्त्री श्रेष्ठको निर्देशन

### श्रम डेस्क हटेको घोषणा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वैदेशिक रोजगारीका लागि आवागमन गर्ने नेपाली कामदारको उच्च सम्मान हुनुपर्नेमा जोड दिएका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट वैदेशिक रोजगारीमा जाने कामदारको प्रस्थानको उचित प्रबन्धका लागि बुधबार निर्देशन दिँदै मन्त्री श्रेष्ठले विदेशमा श्रम गरेर श्रमिकहरूले देशका लागि वार्षिक ९ खर्ब रूपैयाँ पठाउनु महत्वपूर्ण विषय भएको बताए। मन्त्री श्रेष्ठले भने, 'परिवार र देशका लागि विदेशमा श्रम पसिना बगाएर आउने कामदारलाई स्वदेश फर्किंदा कतिपय अवस्थामा दुर्व्यवहार गरेर अपमानित समेत गर्ने गरिएको गुनासो रहेको छ, अब त्यस प्रकारको गुनासो नआउने व्यवस्था गर्नुहोला ।'



वैदेशिक रोजगार विशेष

वैदेशिक रोजगारमा जाने तथा स्वदेश फर्किने कामदारको सम्मानजनक आवागमनका लागि आफुले केन्द्रमा गृह, परराष्ट्र, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा समन्वय गर्ने भन्दै मन्त्री श्रेष्ठले विमानस्थलमा पनि सोही अनुसारको सम्मानजनक व्यवहार हुनुपर्ने धारणा राखे ।

मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीमा जाने कामदारका लागि छुट्टै लाइनको व्यवस्था गर्दा अर्को दर्जा जसरी छुट्टै गेटबाट प्रवेश दिने गरिएकोमा अब जुनसुकै गेटबाट पनि प्रवेश गर्न पाउने व्यवस्था मिलाइएको बताए । श्रमिकको प्रस्थानलाई छिटोछरितो बनाउन ३ वटै द्वारबाट प्रवेश पाउने विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरले बताए ।

मन्त्री श्रेष्ठले विमानस्थलमा राखिएको कोरोना भाइरसको पीसीआर परीक्षण गर्ने प्रक्रिया पनि हटाउन स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडालाई आग्रह गरेका छन् ।

मन्त्री श्रेष्ठले बुधबारदेखि श्रम डेस्क हटाइएको घोषणा गरे । यसअघि वैदेशिक रोजगारीमा जाने र बिदामा आएका श्रमिक अनिवार्यरूपमा श्रम डेस्कमा गई डेस्कले सहीछाप लगाइदिएपछि मात्रै बोर्डिङ गर्ने प्रक्रिया थियो । अब श्रमिकले श्रम डेस्क नगई जुनसुकै गेटबाट पनि विमानस्थलमा प्रवेश पाउनेछन् । विमानस्थलमा वैदेशिक रोजगार विभागले सूचना केन्द्र भने स्थापना गर्ने वैदेशिक रोजगार विभागले बताएको छ । केन्द्रले समस्यामा परेका श्रमिकको सहजीकरणका लागि काम गर्नेछ ।

श्रम स्वीकृति सक्कली या नक्कली भनेर हेर्न श्रम डेस्क राखिएको हो। अहिले अनलाइन सफ्टवेयर राखिएपछि त्यसको – बाँकी पृष्ठ २ मा

स्थानीय चुनाव

# एजेण्डाको ओइरो

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ फागुन

स्थानीय तहको निर्वाचन नजिकिएसँगै राजनीतिक दलहरु चुनाव केन्द्रित गतिविधिमा लागेका छन् ।

पार्टी केन्द्रिय कमिटीको बैठक बोलाएर छलफल गर्ने, झण्डा, लोगो, गीत र चुनावी कार्यक्रमको आयोजना गरेर दलहरुले सक्रियता बढाउन थालेका हुन् ।

साथसाथै राजनीतिक दलहरुले चुनावी एजेण्डाको ओइरो लगाउन थालेका छन् ।

नेपाली कांग्रेसले स्थानीय चुनावका लागि प्रस्तुत गरेका एजेण्डाहरुमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) नेतृत्वको सरकारको ३ वर्षे कार्यकालमा भएका 'जनविरोधी गतिविधि, असंवैधानिक कदम र भ्रष्टाचार प्रकरण' व्यापक रूपमा राख्ने भएको छ ।

प्रतिपक्षमा रहनुपर्ने जिम्मेवारीका बाबजुद संविधान रक्षाका लागि बाध्यात्मकरूपमा सरकारमा जानुपरेको भनी जनतालाई भन्ने उसको तयारी छ । त्यसैगरी, एमसीसी कांग्रेस नेतृत्वको वर्तमान सरकारको नेतृत्वमा संसद्बाट पारित भएको हुँदा त्यसबारेमा जनस्तरमा छरिएका भ्रम बुँदागत रूपमा चिर्ने, कांग्रेसको नेतृत्वमा सरकार बनेपछि छोटो समयमा ७० प्रतिशत नागरिकलाई खोप लगाइसकेको र निर्वाचनसम्म पुग्दा प्रायःलाई लगाइसक्ने योजना थप स्मरण गराउने लगायत रहेका छन् ।



कोहलपुर नगरपालिकाले अल्पसंख्यक गन्धर्व तथा विपन्न दलित परिवारको लागि बनाइदिएको सामुहिक आवास । तस्वीरः भेषराज बस्नेत/रासस

कांग्रेस मात्रै होइन, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लगायतका दलहरु चुनावी एजेण्डा लिएर गाउँ जाने तयारीमा छन् ।

जसका लागि नेकपा एकीकृत समाजवादी र माओवादी केन्द्रले भेला, प्रशिक्षण र बैठक शुरु गरिसकेको छ भने अन्य दलहरु पनि चुनावी अभियानमा लागेका छन् ।

नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले आगामी फागुन २९ गतेदेखि एक महिनासम्म चुनाव प्रचार अभियान थाल्ने पनि बताएका छन् । नेकपा माओवादी केन्द्रले स्थानीय तहको चुनावमा केन्द्रित हुन नेता कार्यकर्तालाई निर्देशित गरिसकेको छ ।

पार्टीको केन्द्रीय कमिटी बैठक नै स्थानीय तहको चुनाव सकिएपछि बस्ने गरी उसले पार्टी भित्रको अन्तरविरोधलाई पनि चुनावपछि मात्रै छलफल गर्ने भनेको छ ।

त्यसैगरी, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले जारी केन्द्रीय कमिटी बैठकमा नेताहरुलाई स्थानीय चुनाव केन्द्रित हुन निर्देशन दिएका छन् ।

'स्थानीय चुनाव आइसकेको छ, अब तपाईंहरु गाउँ गाउँमा गएर चुनावको प्रचारप्रसार गर्नुस्, कलमको महत्व बुझाउनुस्, नेता नेपालले भने । उनले चुनावमा विचार मिल्ने वामपन्थी शक्तिसँग एकता हुने पनि बताएका छन् ।

# अभिव्यक्तिमा अंकुश लगाइन्न : सरकार

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २५ फागुन

सरकारले अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने कल्पनासमेत नगरिएको प्रष्टीकरण दिएको छ । सरकारले तयार पारेको युट्युव नियमन गर्ने नियमावलीको आलोचना भइरहेका बेला सरकारले यस्तो बताएको हो ।

वर्तमान सरकार नै अभिव्यक्ति स्वतन्त्रता र संविधानको रक्षार्थ वकालत गर्दै बनेको समरण गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले युट्युव नियमन गर्ने नियमावलीको मुल उद्देश्य नियमन गर्ने मात्रै रहेको बताए ।

तयार नियमावलीमा यूट्युब च्यानल सञ्चालन गर्न पाँच लाख रुपैयाँ धरौटी राख्नुपर्ने लगायतका व्यवस्था छ । यी लगायतका विषयमा नेपाल पत्रकार महासंघले बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री कार्कीले संविधानले परिकल्पना गरेको प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई अंकुश लगाउने परिकल्पनासम्म पनि नगरिएको प्रष्टीकरण दिएका हुन् ।

'यो सरकार दक्षिण एशियामा प्रेस स्वतन्त्रताका निमित्त अग्रणी देशको रुपमा नेपाललाई परिचित गराउनेतर्फ अग्रसर छ' उनले भने, 'संशोधित नियमावलीको उद्देश्य प्रविधिको प्रयोगलाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने मागको सम्बोधन गर्ने प्रयास मात्रै हो ।'



**ज्ञानेन्द्रबहादुर कार्की**
सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री

'संशोधित नियमावलीको उद्देश्य प्रविधिको प्रयोगलाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने मागको सम्बोधन गर्ने प्रयास मात्रै हो ।'

संविधानले नै अभिव्यक्ति स्वतन्त्रताको परिकल्पना र त्यसलाई अरु मर्यादित गर्ने व्यवस्था गरेको बताउँदै उनले त्यसलाई विकसित गराउने सरकारको प्रयास रहने प्रतिवद्धता जनाए ।

# डाक्टरको दरबन्दी संघमै राख्न प्रस्ताव

**लक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २५ फागुन

नेपाल चिकित्सक संघले सबै डाक्टरको दरबन्दी संघमै राख्नुपर्ने प्रस्ताव गरेको छ । बुधबार प्रधानमन्त्री शेरबहादुर देउवालाई १० बुँदे ज्ञापन पत्र बुझाउँदै चिकित्सक संघले यस्तो प्रस्ताव गरेको हो ।

संघीय संरचना अनुसार स्थानीय तहमा कार्यरत चिकित्सकहरु जीवनभर नै सोही निकायमा मात्र कार्यरत रहँदा चिकित्सकहरुको क्षमता तथा वृत्तिविकासमा बाधा पुग्ने संघको चिन्ता छ ।

चिकित्सकलाई संघ अन्तर्गत नै राखेर स्थानीय तथा प्रदेश तहमा परिचालन गर्नुपर्ने माग उनीहरुको छ ।

संघका पदाधिकारीहरुले ज्ञापन पत्र मार्फत नेपालका चिकित्सकहरुलाई अन्य देशका चिकित्सकहरुको दाँजोमा राज्यको तर्फबाट भूमिका कमी भएको महसुस भएको गुनासो गरेका छन् । यही कारण युवा चिकित्सकहरु विदेश पलायन हुन बाध्य भएको भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गरिएको छ ।

संघले जनसंख्याको अनुपातमा सरकारी दरबन्दी थप गर्नुपर्ने उनीहरुको माग छ ।

# भक्तपुरमा अंगदानसहित विश्व मिर्गौला दिवस मनाइने

**भक्तपुर/मस–** शहीद धर्मभक्त अंग प्रत्यारोपण केन्द्र भक्तपुर अंगदानसहित विश्व मिर्गौला दिवस मनाइने भएको छ । 'मिर्गौला स्वास्थ्य सबैका लागि' भन्ने नाराका साथ यही फागुन २६ गते (मार्च १०) का दिन अंगदान गर्दै विश्व मिर्गौला दिवस मनाउने भएको हो । विश्व मिर्गौला दिवसबारे जानकारी दिन केन्द्रले आयोजना गरेको पत्रकार सम्मेलनमा केन्द्रका कार्यकारी निर्देशक पुकार श्रेष्ठले विश्व मिर्गौला दिवस यसवर्ष अंगदान लगायतका विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै मनाउने जानकारी दिए । श्रेष्ठका अनुसार कार्यक्रममा विभिन्न विशिष्ट एवं अन्य व्यक्तिबाट अंगदान गर्ने र स्वास्थ्य सेवा दिवसका दिन अंगदानको घोषणा गरेका स्वास्थ्यमन्त्री, मुख्य सचिव, स्वस्थ्य सचिवलगायतका विशिष्ठ व्यक्तिलाई अंगदान कार्ड वितरण गरिने जनाएको छ । दिवसको दिन बिहान ७:४५ बजे काठमाडौंको शान्ति बाटिकाबाट मिर्गौला पथयात्रा गर्दै दशरथ रंगशालासम्म पुगेर अंग प्रत्यारोपण गरिएका व्यक्ति, अंगदाता, चिकित्सक, कलाकार, पत्रकार, समाजसेवीबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता कार्यक्रम गरिने पनि कार्यक्रममा जानकारी दिए । अंगदान र अंग प्रत्यारोपण गरेका व्यक्ति पनि अन्य स्वस्थ्य व्यक्ति जत्तिकै हुन सक्छन् भन्ने सन्देश दिँदै अंग प्रत्यारोपण, मष्तिस्क मृत्युबाट हुने अंगदानले पाउने नयाँ जीवनबारे प्रचार एवं प्रोत्साहन सहयोग पुग्ने बताइएको छ ।

# नेता जयसवाल उपचारपछि फर्किए

**रौटहट/मस–**लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता एवं समाजसेवी कन्थमणी प्रसाद जयसवाल उपचार पश्चात गृह जिल्ला रौतहट फर्किएका छन् ।

बुधबार हस्पिटलबाट डिस्चार्ज भै हेलिकप्टरमार्फत उनी रौतहट फर्केका हुन् । गरुडा सुगर मिलको प्राङ्गणमा हेलिकप्टर अवतरण भैसकेपछि उनका कार्यकर्ता तथा आफन्तहरुले उनलाई स्वास्थ्य लाभको कामना गर्दै फुलमाला लगाएर भव्य स्वागत गरेका थिए ।

नेता जयसवालले आफ्नो स्वास्थ्य पुर्णरुपमा ठिक भएको बताउँदै कार्यकर्ता र आफन्तहरुको माया सम्झिँदै भक्कानिएका थिए । आफ्नो ज्यानमा सास रहेसम्म समाजसेवा र राजनीति नछोड्ने नेता जैसवालको भनाई रहेको छ ।

नेता जयसवाललाई हृदयघात भएपछि गत फागुन १० गते उपचारको लागि नर्भिक हस्पिटल काठमाडौं लगिएको उनका छोरा रवी जयसवालले जानकारी दिए ।

## चुनावी...

गर्न दिँदा गठबन्धन बनेन र त्यसको फाइदा गठबन्धन बाहिरको दलले लियो भने के गर्ने ? यो प्रश्नको समाधानमा नेताहरुको छलफल केन्दित छ ।

तथापि, सत्ता गठबन्धनमा नेताहरु महानगरपालिका र उपमहानगरपालिकामा मात्रै केन्द्रले उम्मेद्वार चयन गर्ने विकल्पमा पनि छलफल चलाइरहेका छन् । बाँकी तहमा उम्मेद्वार चयन गर्ने र गठबन्धन गर्ने जिम्मा सम्बन्धित कमिटीलाई दिने गरी अगाडि बढेको नेताहरु बताउँछन् ।

नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का केन्द्रीय समिति र कार्यसम्पादन समितिले निर्णय गरेपछि मात्र चुनावी तालमेलको फर्मुला निर्क्योल हुने बताउँछन् । 'गठबन्धन हुन्छ कि हुँदैन भनेर अहिले छलफलको विषय बनाउँदैनौं । यसो गर्नु अपरिपक्व हुन्छ' उपसभापति खड्काले भने । राजनीतिक विश्लेषक डा. विष्णु दाहाल आगामी स्थानीय तहको चुनावमा दुईदेखि चार वटासम्म चुनावी गठबन्धन बन्न सक्ने बताउँछन् । एउटा- अहिलेको सत्तागठबन्धन र अर्को एमाले नेतृत्वको गठबन्धन ।

अर्को- एमाले र कांग्रेस एक्ला एक्लै वा साना केही दल मिसिएको छुट्टाछुट्टै गठबन्धन । यसमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) को छुट्टै गठबन्धन ।

राजावादी लोकतान्त्रिक शक्तिहरुको अर्को मोर्चा पनि बन्न सक्ने सम्भावना देखिएको विश्लेषक दाहाल बताउँछन् । एउटै दलको बहुमतको सम्भावना नदेखिएकाले चुनावी गठबन्धनको प्रयास भइरहेको उनको बुझाई छ ।

'एक्लै जित्ने सम्भावना कम भएपछि गठबन्धन बनाउने खोज्ने हो । अहिले त्यही भइरहेको छ । तर, दलहरुले चुनावी गठबन्धनको फर्मुला भने भेटाइसकेको देखिन्न' विश्लेषक दाहालले भने ।

## कामदारको ...

औचित्य सकिएको विभागको भनाइ छ । योसँगै वैदेशिक रोजगारीमा जान विमानस्थल पुग्ने श्रमिकले प्रवेश र श्रम स्वीकृति स्टीकर परीक्षणका लागि घन्टौं लाइन बस्नुपर्ने बाध्यता हटेको छ । चालु आर्थिक वर्षको ७ महिनामा मात्र ३ लाख ५० हजार भन्दा धेरै श्रमिकले त्रिभुवन विमानस्थल प्रयोग गरेका थिए । यसअघि वैदेशिक रोजगारमा जान विमानस्थल पुगेका दैनिक २ हजार श्रमिकले लामो लाइन बसेर श्रम स्वीकृतिको छाप लगाउनु पर्ने नियमका कारण सास्ती व्यहोर्दै आएका थिए । श्रम डेस्क हटाइएपछि उनीहरु पनि खुसी भएका छन् । मन्त्री श्रेष्ठसहित मन्त्रालयका सचिव टेक नारायण अर्याल र वैदेशिक रोजगार विभागका महानिर्देशक शेष नारायण पौडेलले बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए । मन्त्रालय र विभागले केही समययता वैदेशिक रोजगार प्रशासनमा रहेका झन्झट क्रमशः हटाउँदै आएको छ ।



# Qatar मा रोजगार

## 1. Qatar National Import & Export Co. WLL

पूर्व स्वीकृती मिति: २०७८/११/२५ बनानी नं. ६०१७५७०६ LT.No. 259265

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Salesman | 06 | काममा दक्ष | 1400 | ४७,४३९।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Driver | 27 | | 1700 | ५७,६०५।- | | | | | | | |
| ३. | Labourer | 01 | | 1000 | ३३,८८५।- | | | | | | | |

यसै कम्पनीको लागी Cashier, Merchandiser, Van Sales Man - (Medium Qatar Driving license) with Sales Experience, Accountant, Helper हरुको पनि माग भएकाले नि:शुल्क परामर्शको लागी सम्पर्क गर्नुहोला ।

## 2. Elkram for Constructions Co

पूर्व स्वीकृती मिति: २०७८/११/२५ बनानी नं. ६०७७६८५ LT.No. 259264

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 01 | काममा दक्ष | 1700 | ५७,६०५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Painter | 01 | | 1100 | ३७,२७४।- | | | | | | | |
| ३. | Tile Maker | 02 | | 1100 | ३७,२७४।- | | | | | | | |
| ४. | Carpenter | 02 | | 1100 | ३७,२७४।- | | | | | | | |

यसै कम्पनीको लागी Civil Engineer, Gypsum Board हरुको पनि माग भएकाले नि:शुल्क परामर्शको लागी सम्पर्क गर्नुहोला ।

## 3. ALTAMYEEZ Security Systems

पूर्व स्वीकृती मिति: २०७८/११/२५ बनानी नं. ६०७७५१११ LT.No. 259183

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Technician (CCTV) | 02 | काममा दक्ष | 1500 | ४९,३२४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने - रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७८ चैत ३ गते (Mar.17, 2022) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जारीको आवश्यकता: [illegible]

AAROHI H.R. SOLUTIONS PVT. LTD.
Tokha-5, Basundhara, Kathmandu, Tel No.: 4961807, 4962925
Mob. : 9851002451, Email: info@aarohihrsolutions.com
Govt. Lic. No. 1244/074/075


# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सौठा, मोरङ
प्रदेश नं.१, नेपाल

## रतुवामाई नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

### उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# Bhairabi Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhairikalikathum, Dailekh**
**Karnali Province, Nepal**

### Invitation for Bids

**First Date of Publication: 2078/11/26 (March 10, 2022)**

| Project Title | IFB No | Cost Of Bid Documents | Bid Security | Last Date Of Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|
| Supply and Delivery of Sanitary Pads (As per Specification) | BRM/SQ/GOODS/ 2078/079/12 | NRS. 1000.00 | NRS. 13800.00 | 2078/12/11 (12:00 PM) | 2078/12/11 (14:00PM) |
| Supply and Delivery of Warm Bag (Nyano Jhola) (As per Specification) | BRM/SQ/GOODS/ 2078/079/13 | NRS. 1000.00 | NRS. 9700.00 | 2078/12/11 (12:00 PM) | 2078/12/11 (14:00PM) |
| Supply and Delivery of Medicine (As per Specification) | BRM/SQ/GOODS/ 2078/079/14 | NRS. 1000.00 | NRS. 35000.00 | 2078/12/11 (12:00 PM) | 2078/12/11 (14:00PM) |

**Note**: For further details downloading tendar documents, please visit PPMO website www.bolpatra.gov.np or www.bhairabimun.gov.np and contact 9840725661 or bhairabirm@gmail.com.

**For Chief Administrative Officer**

# Miklajung Rural Municipality
## Office Of Rural Municipal Executive
**Madhumalla, Morang**
**Province No. 1, Nepal**

### Invitation for Bid

**Date of Publication: 26th Falgun 2078 (10th March 2022)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of Following Works.

| S.N. | Contract Identification Number and description of works | Estimate amount (with VAT) | Bid Security Amount (NRs.) | Cost of bidding Documents (NRs.) | Last Date of Bid submission and time | Date of Bid opening and time | Procurment Method |
|---|---|---|---|---|---|---|---|
| 1. | 19/MRMM/WORKS/ SQ/078/79 (Bazar Tahara Nirman) | 1714773.75 | 43000\|- | 1000\|- | 25th March 2022, 12:00hrs | 25th March, 2022, 14:00hrs | Seal Quotation |

2. Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of **Miklajung Rural Municipality, Office of Municipal Executive,** Madhumalla, Morang, during the office time.
3. Bidders shall download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp , as specified in the Bidding data sheet for provision of E-bidding. Bidders should deposit the equivalent fee for bidding document in the below Revenue account. Bids submitted in hardcopy shall not be accepted.

| Name of bank | Name of office | Account Name | Office revenue account number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-1-1 Aantarik Rajaswa Khata | 0610058213000013 |

1. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp. Bidders are requested to follow the electronic bids submission procedure as specified in e-GP system operating guideline-2073 and user manuals issued by PPMO which are available in e-GP system. Bids shall be opened in the presence of bidders representatives who choose to attend on the date mentioned in above table at 14:00 hrs at Office of Rural Municipal Executive, Miklajung Rural Municipality, Madhumalla Morang. Bids must be valid for a period of 45 days For Sealed Quotation form the day of Bid Opening and must be accompanied by the bid security which shall be valid for minimum 30 days beyond the Bid Validity period. The scanned copy of Bid security should be uploaded in the
2. e-GP system during the bid submission.

**Information to deposit the bid security amount**

| Name of bank | Name of office | Account Name | Deposit A/C number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-3 Sthaniya Taha Dharauti Khata | 0610058213000061 |

3. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working date at the same time and venue.
4. Tender Procedure shall follow Public Procurement Act 2063 (1st Amendment) and Public Procurement Regulation 2064 (10th Amendment).
5. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason.

**Chief Administrative Officer**

विद्यार्थी मृत्यु प्रकरण

# डुम्रे–बेसिशहर सडकखण्डमा यातायत ठप्प

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, २५ फागुन



लमजुङ तनहुँ जोड्ने डुम्रे-बेंसीसहर सडकखण्डमा बुधबार बिहानदेखि यातायात सेवा ठप्प भएका छन् ।

लमजुङस्थित मर्स्याङ्दी नदीमा डुबेर मृत्यु भएको विद्यार्थीको विषयलाई लिएर तनहुँ बाइसजागर बजारका स्थानीयवासीले टायर बालेर सडक अवरुद्ध गरेपछि यातयात ठप्प भएको हो ।

जिल्ला प्रशासन कार्यालय लमजुङले लमजुङ-तनहुँको सिमाना पाउँदीबजारदेखि सिउडीबारसम्म निषेधाज्ञा जारी गरेपछि मृतकका आफन्त तथा पक्षधारहरुले विभिन्न माग राख्दै उक्त स्थानमा विरोध प्रदर्शन गरेपछि यातायत ठप्प हुँदा यात्रु मर्कामा परेका छन् । यता लमजुङतर्फ पाउँदीबजारदेखि सिउँदीबारसम्म आज बिहानदेखि अनिश्चितकालीन निषेधाज्ञाका कारण समेत यस खण्डमा यातयात ठप्प हुँदै आएको छ ।

जिल्लाको सुन्दरबजार नगरपालिका-९ स्थित मर्स्याङ्दी नदीमा मङ्गलबार पौडी खेल्ने क्रममा फ्युचर स्टार आवासीय मावि कक्षा १० मा अध्यनरत तनहुँ भानु नगरपालिका-९ घर भएका १७ वर्षीय सनिज श्रेष्ठको मृत्यु भएको थियो ।

होस्टेलमा बसेका श्रेष्ठको आफन्तलाई जानकारी नै नदिई होस्टेलबाहिर पौडी खेल्न पठाएको, आफन्तलाई थाहा नै नदिई शव लगेको, विद्यालयका संस्थापक बाबुराम पौडेल, मृतक श्रेष्ठसँगै पौडी खेल्न गएका विद्यालयका शिक्षक र अर्का विद्यार्थीमाथि छानबिन हुनुपर्ने भन्दै विरोध प्रदर्शन गरेका छन् ।

प्रदर्शनकारीहरुले मंगलबार सो विद्यालयका दुई स्कुल बस र एउटा भ्यानको सिसा तोडफोड गरेको थियो । उक्त घटनालाई लिएर उग्ररुप लिन थालेसँगै ठूलो भीडलाई सामान्य अवस्थामा ल्याउन प्रहरीले १३ सेल अश्रुग्यास र एउटा हवाई फायरसमेत गर्नुभएको प्रहरी निरीक्षक जनकराज रेग्मीले बताए ।

उनका अनुसार मृतक विद्यार्थीसँगै गएका शिक्षक सरोज ओलिया र सबिन गुरुङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सवारी साधन थप्प भएपछि बेसिशहरबाट काठमाडौं, पोखरा, चितवन लगायतका स्थानमा जाने र सो तर्फबाट लमजुङ आउने कुनै पनि सवारी साधन सञ्चालन हुन पाएका छैनन् । उक्त क्षेत्रमा निषेधाज्ञा जारी र तनहुँको बाइसजागरमा टायर बालेर विरोध प्रदर्शन गरेपछि टाढा टाढा पुग्नुपर्ने यात्रुलाई समस्या भएको छ ।

**अनिश्चितकालीन कर्फ्यु**

छात्रको पौडी खेल्ने क्रममा मृत्यु भएको विषयमा विवाद हुँदा सुन्दरबजार क्षेत्रमा निषेधाज्ञा गरिएको छ । अभिभावक तथा आफन्तले विद्यालयमा तोडफोड गरेका थिए ।

विद्यार्थीको मृत्यु भएको विषयलाई लिएर उत्पन्न विवाद चर्केपछि सुन्दरबजार नगरपालिका क्षेत्रमा निषेधाज्ञा गरिएको छ । बुधबार बिहान ६ बजेदेखि अनिश्चितकालका लागि निषेधाज्ञा जारी गरिएको लमजुङका प्रमुख जिल्ला अधिकारी सुशील वैद्यले जानकारी दिए । मृतकका अभिभावक तथा आफन्तले विद्यालयमा तोडफोड गरेपछि थप क्षति हुन नदिन निषेधाज्ञा जारी गरिएको जनाइएको छ ।

# कोल्ड निरीक्षक अधिकृतले झा समक्ष मागे माफि

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ फागुन

नेपाल पत्रकार महासंघ मधेश प्रदेश कार्य समिति सदस्य शैलेन्द्र झासँग स्वास्थ्य कार्यालय गौर रौतहटका कोल्ड निरीक्षक अधिकृत पासपत राय यादवले माफी मागेका छन् । जिल्ला प्रशासन कार्यालय गौर रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाही, राष्ट्रिय अनुसन्धानका एसपी, स्वास्थ्य कार्यालय गौरका प्रमुख दिपेन्द्र राय, कोल्ड निरीक्षक अधिकृत अनिल कर्ण, नेपाल पत्रकार महासंघ रौतहटका सभापति लगायतका विभिन्न संचारकर्मीको रोहवरमा कोल्ड निरीक्षक अधिकृत यादवले मधेश प्रदेश सदस्य झासँग माफी हुन् । मधेश प्रदेश सदस्य झाले जिल्ला प्रशासन कार्यालय रौतहटमा बुधबार शान्ति सुरक्षा तथा आवश्यक कारबाहीको लागि निवेदन दिएपछि जिप्रकाले कोल्ड निरीक्षक अधिकृत यादवलाई झिकाएको थियो । सो क्रममा कोल्ड निरीक्षक अधिकृत यादवले आफुले गल्ती गरेको स्वीकार गर्दै बोल्न नहुने कुरा बोलेकोले माफी पाउँ भनेका थिए ।

यादवले ९७ लाख रुपैयाँ पेश्की लिएको बारे मधेश प्रदेश सदस्य झाले समाचारको लागि प्रतिक्रिया लिन खोजेको सन्दर्भ यादवले ज्यान मार्ने धम्की दिएका थिए ।


## साउदीमा रोजगार

१. कम्पनी: Mohsanah Hamad Bin Misfer Al-Ajmi Corporation For Transport and Storage — शहर: Saudi

पूर्व स्वीकृत मितिः २०७८/११/२५ — चलानी नं.: ६०१७५७०४ — L.T. No.: 258932

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 2 | 0 | स. काममा दक्ष | 2500 | ८१,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Abdullah Ali Alamer & Brothers Trading.Co — शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/११/२५ — चलानी नं.: ६०१७५७०३ — L.T. No.: 258893

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: Sultan Ayed Farhan Al-Subaie Al-Enezi Contracting Est — शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/११/२५ — चलानी नं.: ६०१७५७०५ — L.T. No.: 258933

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Carpenter | 1 | 0 | स. काममा दक्ष | 1500 | ४९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ३ गते (17 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

एडभेन्चर ह्युमन रिसोर्स प्रा. लि.
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०


# कर्णालीका आठ वटा जिल्लामा एकीकृत बस्ती निर्माण हुने



**जाजकोट/मस**–कर्णाली प्रदेशमा जोखिममा परेका आठ जिल्लाका बस्तीमा एकीकृत बस्ती निर्माण हुने भएको छ ।

कर्णाली प्रदेशको जाजकोटको जुनिचाँदे गाउँपालिका-७ मा ४०, बारेकोट गाउँपालिका-४, ५ मा ६० घर, कालिकोट नरहरिनाथ-४ डाँडासुन्दरखामा ८० , रास्कोट गाउँपालिका-७ मा १०० घर निर्माण हुने छन् ।

मुगुमा खत्याड गाउँपालिका-२ गाडेखोलामा दलित बस्ती विकास कार्यक्रमअन्तर्गत १८ घर, खत्याड-८ मै एकीकृत बस्तीअन्तर्गत २३ घर निर्माण गर्न लागिएको छ ।

हुम्लाको चङ्खेली गाउँपालिका-६ मा रातीपुरमा बस्ती विकास योजनाअन्तर्गत ३३ घर, ताजाकोट गाउँपालिका-१, २, ३, ४ र ५ एकीकृत बस्ती विकास कार्यक्रमअन्तर्गत ८३ घर निर्माण जारी रहेको छ । आठ जिल्लाका जोखिममा परेका ठाउँमा घर निर्माणका लागि सम्भाव्यता अध्ययन (डिपिआर) तयार भई घर निर्माणको चरणमा गएको हो ।

अघिल्लो कार्यविधिले घर निर्माणका लागि बाधा पुगेको जनाउँदै दोस्रोपटक संशोधन भएपछि मात्र घर निर्माणको बाटो खुलेको हो । एकीकृत बस्तीको नाम दिएर एकै ठाउँमा घर निर्माण गर्दा जग्गा, जमिन, घर पालुवा जनावरमा समेत हेरचाह गर्न सम्भव नभएपछि पीडित परिवारहरुको आलोचना भएपछि कार्यविधि संशोधन गरिएको हो ।

# एमसीसी पास गरेको भन्दै पार्टी परित्याग

**जनकपुर/मस**– एमसीसी अनुमोदन गर्न सहयोग गरेको भन्दै महोत्तरीका जिल्ला संयोजकसहित पाँच नेताले नेकपा माओवादी केन्द्र परित्याग गरेका छन् ।



अमेरिकी सहयोग परियोजना पारित गराउन नेतृत्वदायी भूमिका निर्वाह गरेको भन्दै महोत्तरीमा नेकपा माओवादी केन्द्रका पाँच जना नेताले पार्टी परित्याग गरेको घोषणा गरेका हुन् ।

माओवादी केन्द्रको मधेश प्रदेश कमिटी सदस्य तुलसीप्रसाद ढुंगाना, रामबहादुर राणा र राजनप्रसाद ढुंगाना, बर्दिबास नगरपालिका-३ का वडाध्यक्ष नरबहादुर खनाल र अखिल नेपाल महिला उनीहरुले बुधबार संयुक्त विज्ञप्ति जारी गर्दै पार्टी छाडेको बताएका छन् ।

मधेस प्रदेश सदस्यसमेत रहेका महोत्तरी जिल्ला संयोजक तुलसीप्रसाद ढुंगाना, प्रदेश सदस्य रामबहादुर राना, प्रदेश सदस्य तथा बर्दिवास-३ का वडाध्यक्ष राजनप्रसाद ढुंगाना, बर्दिबास नगरपालिका वडा नम्बर-३ का वडा कमिटी अध्यक्ष नरबहादुर खनाल र अखिल नेपाल महिला संघ क्रान्तिकारीका केन्द्रीय सदस्य उर्मिला कार्कीले बुधबार एक विज्ञप्ति जारी गर्दै पार्टी परित्याग गरेको घोषणा गरेका हुन् ।

संयोजक ढुंगानाले अरु केही नेता कार्यकर्ताले पनि पार्टी परित्याग गरेको र उनीहरु पछि सार्वजनिक हुने बताए ।

# जिका र डेङ्गुको निःशुल्क पीसीआर परीक्षण

**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जिका, डेङ्गु र चिकनगुनिया रोगको निःशुल्क पिसिआर परीक्षण सुरु गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट जिका, डेङ्गु र चिकनगुनिया रोगको निःशुल्क पिसिआर परीक्षण सुरु गरिएको जानकारी दिए ।

उनले लक्षण देखिएका व्यक्तिलाई परीक्षण गराउन आग्रह गरे । यसअघि कोरोना भाइरसको संक्रमणको पनि निःशुल्क परीक्षण गरिएको थियो ।

यी तीनवटै रोग लामखुट्टेको टोकाइबाट लाग्ने गर्दछ । यी रोग लाग्दा एक्कासि ज्वरो आउने, थकाइ महसुस हुने, अत्यधिक जोर्नी दुख्ने, वाकवाकी लाग्ने तथा टाउको, मांसपेशी दुख्ने जस्ता लक्षण देखिने गर्दछन् ।

यो रोगबाट बच्न दिउँसो सुत्दा पनि झूल टाँगेर सुत्ने, घरको झ्याल ढोकामा लामाखुट्टे नछिर्ने जाली हाल्ने, सकेसम्म जति बेला पनि लामो बाहुला भएका लुगा लगाउने, लामखुट्टे भगाउने धूप वा मल्हमको प्रयोग गर्न आग्रह गरिएको छ ।

# स्काउट फेलोसिप नेपालको अध्यक्षमा लामिछाने

**काठमाडौं/मस**– नेपाल स्काउट एण्ड गाइड फेलोसिप नेपालको दोस्रो राष्ट्रिय अधिवेशनले श्रीराम लामिछानेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

काठमाडौंमा सम्पन्न अधिवेशनले कार्यसमितिको उपाध्यक्ष द्वयमा तीर्थराज न्यौपाने र मञ्जु अर्याल, अन्तरराष्ट्रिय आयुक्तमा बैकुण्ठ मरहठा, सचिवमा हरिबहादुर श्रेष्ठ, सहसचिव दिनेश पाण्डे, कोषाध्यक्ष बाबुकाजी डंगोल तथा सदस्यमा मुक्तिनाथ ढकाल, जहरसिंह थापा, पार्वती गिरी, आनन्दप्रसाद गुप्ता, दिनेश केसी र राजुराज सिंह रहेका छन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०५३/०२/२५ मा दर्ता भएको **प्रा.लि. नं.१०३९५४** को **माता कौशल्या टाकिजा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**
नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **पोखरा रिक्रुटमेन्ट प्रा.लि. (ई.प.नं. १४२६)** ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २६** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कुसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जाजरकोट, कर्णाली प्रदेश

**कुसे गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

## साउदीमा रोजगार

१. कम्पनी: AL JAZEERA SUPPORT SERVICES COMPANY-CLOSED JOINT STOCK BRANCH — शहर: Dammam

पूर्व स्वीकृत मितिः २०७८/११/२५ — चलानी नं.: ६०१७५७०२ — LT. No.: 259278

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 80 | 0 | स. काममा दक्ष | 1000 | ३२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AREEJ ABDUL LATIF BIN AHMED AL HAMAD RESTAURANTS FOR SERVING MEALS — शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७८/११/२५ — चलानी नं.: ६०१७५७०० — LT. No.: 259013

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३९,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: NAMA FOOD COMPANY TO SERVE MEALS — शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७८/११/२५ — चलानी नं.: ६०१७५७०१ — LT. No.: 259014

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | general Labor | 4 | 0 | | 1000 | ३२,७२० | | | | | | | |
| 3. | kitchen Worker | 1 | 0 | | 1200 | ३९,२६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ३ गते (17 March 2022) मा हुनेछ ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


न्यू सृष्टि ओभरसिज प्रा. लि.
Govt. Lic No.: 1036/073/074
नयाँ बानेश्वर, काठमाडौं ,नेपाल, फोन: ४१०५१२५, फ्याक्स: ४४८८०८५
Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com

## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
२६ फागुन २०७८, बिहीबार
10 March 2022, Thursday

## सम्पादकीय

### देउवाको दर्द

प्रधानमन्त्री शेरबहादुर देउवा पाँचौं पटक प्रधानमन्त्री बनेर मुलुक हाँकीरहेका छन् । तर, उनलाई सहज भइरहेको छैन । मुलुकको अर्थतन्त्र कोरोना महामारीले डामाडोल बनाएको छ । चालू बजेट समेत खर्च नभएर विकास ठप्प छ । जनतामा निराशा छ । यसलाई तोडेर मुलुकलाई निर्वाचनमा लैजानु छ । निर्वाचनमा जाँदा पनि उनलाई पार्टीको हित मात्रै सोचेर पुग्दैन । अहिलेको सत्तागठबन्धन जोगाउनुपर्ने र चुनावमा गठबन्धनमा रहेका दलका उम्मेद्वारहरूलाई पनि जिताउनुपर्ने दायित्व र दबाब उनका सामू छन् । किनभने तत्कालीन केपी शर्मा ओली नेतृत्वको दुई तिहाई बहुमतको सरकारलाई हटाएर उनलाई प्रधानमन्त्री बनाउने अहिलेकै गठबन्धन हो ।

स्थानीय तहको मात्रै नभएर प्रदेश र संघीय चुनावमा पनि गठबन्धन छोडेर उनी चुनावमा होमिन सक्दैनन् । यही कुरामा उनले आफ्नै पार्टीभित्रको अवरोध छिचल्नुपरेको छ । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपासमेतको चुनावी गठबन्धनको वातावरण बनाउन उनले 'गठबन्धनको विरोध नगर' भनेर आफ्नै पार्टीलाई भन्नु परेको छ । गठबन्धन जोगाएर नेकपा एमालेसँग सामना गर्दै आफ्नो पार्टीलाई सबैभन्दा ठूलो दल बनाउनुपर्ने दबाब पनि छ । अघिल्लो चुनावमा पार्टीलाई दोस्रो बनाएको आरोप खेपेका देउवाले यो पटक पार्टीलाई सबैभन्दा ठूलो दल बनाएर राजनीतिबाट अवकाश लिन्छु भन्दै गत पार्टीको महाधिवेशनमा भोट मागेका थिए र जिते पनि । पार्टीको जनादेशको पनि अवज्ञा गर्ने छुट देउवालाई छैन ।

अमेरिकी सहयोग सम्बन्धी सम्झौता एमसीसी परियोजना संसदबाट अनुमोदन गर्ने प्रयासमा भएको कठिनाईलाई लिएर देउवाले अर्न्तराष्ट्रिय चासो र दबाब पनि खेप्नु परेको छ । देउवाले मुलुकको आन्तरिक राजनीतिलाई मिलाएर बाह्य सम्बन्धलाई पनि सन्तुलित बनाउनुपर्ने छ । केपी शर्मा ओलीले सरकार छाड्दै गर्दा आफु नेतृत्वको सरकारले नेपाल सरकारले बाह्य सम्बन्ध सन्तुलित र नेपाल अर्न्तराष्ट्रिय जगतका सुनिनेगरी सम्बन्ध स्थापित गरेको दाबी गरे पनि अवस्था त्यस्तो छैन । यसकारण देउवाले नेपालको बाह्य सम्बन्धमा पनि ख्याल गर्नुपर्ने छ । तर, यी सबै देउवाका दर्द मात्रै नभएर अवसर पनि हुन् । अवसरलाई अवसरका रूपमा लिएर देउवाले पाँचौं प्रधानमन्त्रीत्वकाल सफल बनाउन सके आगामी चुनावपछि फेरि छैठौं पटक प्रधानमन्त्री बन्ने ढोका खुल्न सक्छ ।

# एमसीसीमा पोखिएको राष्ट्रविरोधी चरित्र

**एमसीसी अनुमोदनले देशको सरकार, संसद र राजनीतिक दलहरूको राष्ट्र एवं जनविरोधि हर्कतसँगै अप्रजातान्त्रिक व्यवहार र कार्यशैलीलाई त उजागर गरिदियो नै, त्यससँगै वर्तमान सरकारको मात्र नभएर विद्यमान राजनीतिक परिपाटीको समेत असक्षमता र असफलतालाई प्रष्ट्याएको छ ।**

अग्रलेख



● कृष्ण बेलबासे

देशभित्र कायम चर्को विवादकै क्रममा नेपालको प्रतिनिधिसभाद्वारा नेपाल सरकार र अमेरिकी संस्था एमसीसीबीच सम्पन्न एमसीसी सम्झौता पारित गरियो । उक्त कार्य कुनै प्रजातान्त्रिक तरिकाद्वारा नभई नौटंकी प्रदर्शन गर्ने शैलीमा सम्पन्न भएको थियो । त्यसले देशको सरकार, संसद र राजनीतिक दलहरुको राष्ट्र एवं जनबिरोधि हर्कतसँगै अप्रजातान्त्रिक व्यवहार र कार्यशैलीलाई त उजागर गरिदियो नै, त्यससँगै वर्तमान सरकारको मात्र नभएर विद्यमान राजनीतिक परिपाटीको समेत असक्षमता र असफलतालाई प्रष्ट्याएको छ । उल्लेखित विषयलाई प्रमाणित गर्ने प्रशस्त आधारहरु रहेका छन् ।

ती मध्ये पहिलो हो, व्यापक जनअसन्तुष्टि रहेको राष्ट्रिय महत्वको विषयलाई सर्वप्रथम जनताका जिज्ञासाहरुको उचित जवाफ दिएर मात्र सदनबाट पारित गर्ने प्रक्रिया नअपनाउनु । सत्ता साझेदार दलहरुले जनभावनाको उपेक्षा र जनतामाथि दमन गर्दै हतार हतारमा पारित गर्ने तर्फ लाग्नुले यो सबै निहित स्वार्थ प्रेरित र प्रायोजित रुपमा भएको हो भन्ने कुरालाई प्रष्ट्याउँछ । दोस्रो, राष्ट्रिय महत्वको सवालमा सदनमा व्यापक छलफल गरी स्पष्ट धारणा तर्जुमा भएपश्चात् मात्र अनुमोदन वा अस्वीकृत जे गर्नु उपयुक्त हुन्छ, त्यसो गर्नुपर्नेमा फगत देखावटी र छद्म तरिकाद्वारा अनुमोदन गर्ने कार्य गरियो । उक्त कार्यका लागि अपनाइएको प्रक्रियाका क्रममा समेत नितान्तः गैरजिम्मेवार तरिका अवलम्बन गरेको पाइयो । यसले पनि एमसीसी पारित गर्नु राष्ट्र र जनताप्रतिको दायित्वको निर्वाह नभएर निर्देशित कर्म थियो भन्ने कुरोलाई प्रष्ट्याउँछ । यस सन्दर्भमा सदनको प्रमुख प्रतिपक्षी दलको भूमिका समेत नितान्तः प्रायोजित रहेको देखिन्छ ।

लामो समयदेखि आफ्नो स्वार्थसँग गाँसिएको विषयलाई लिएर सदन अवरुद्ध गरिरहेको उक्त दल एमसीसी अनुमोदनसँग सम्बन्धित प्रस्ताव पारित भइरहँदा भने पूर्णतः बेसरोकारयुक्त रह्यो । तर पछि गएर उक्त सम्झौतालाई इमान्दारीपूर्वक कार्यान्वयन गरिनुपर्छ भन्ने मत प्रकट गर्न भने चुकेन । सामान्य सवालहरुमा सत्तारुढ गठबन्धनसँग तीव्र रुपमा असन्तुष्ट रहेको उक्त दलको राष्ट्रहित विरोधी सवालमा भने सहमति रहेको प्रमाणित हुन आयो । तेस्रो, केही समय अघिसम्म एमसीसी सम्झौता राष्ट्रहित विपरित छ भन्दै विरोध गर्ने एकथरी अवसरवादीहरु कथित 'व्याख्यात्मक घोषणा'सँगै सम्झौता अनुमोदन गर्ने हदसम्म उत्रिए । उक्त सम्झौता अनुमोदन गर्न ढालको रुपमा प्रयोग गरिएको व्याख्यात्मक घोषणाले सम्झौताको कुनै व्यवस्थाको अर्थलाई प्रष्ट्याउने कार्यसम्म गर्न सक्दछ, तर आरक्षणले जस्तो त्यसको कानूनी असरलाई पन्छ्याउने वा परिवर्तन गर्ने गर्दैन । त्यसैगरी यसलाई एकतर्फीरुपमा पारित गर्ने कार्य भएको छ । यस कुरालाई अर्को पक्षले जानकारी लिएको भन्ने बाहेक ती विषयहरुमा आफ्नो समेत समर्थन रहेको र सोहीबमोजिम सम्झौता कार्यान्वयन गरिनेछ भन्ने धारणा व्यक्त गरेको पाइएन । यसले पनि व्याख्यात्मक घोषणा राष्ट्रघातिहरुका लागि भ्रमको खेति गर्ने आधार भएको कुरालाई देखाउँछ ।

चौथो, एमसीसी पारित भए लगत्तै यूक्रेन विवादमा संयुक्त राष्ट्रसंघ महासभाको आपत्कालीक बैठकमा रुसविरुद्ध प्रस्तुत प्रस्तावमा मतदान हुँदा नेपालका दुई छिमेकी राष्ट्रहरु चीन र भारतसँगै सार्कका सदस्य राष्ट्रहरु (भारत) श्रीलंका, बंगलादेश र



